प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/१०/१६

(बेलुका ५:०० बजे)

### ❖ बागमती प्रदेशको कोभिड सम्बन्धित समग्र जानकारीः

- ❖ बागमती प्रदेशमा जम्मा जनसंख्या* ६२८३९९४ जना।
- ❖ कोभिडकोलागि गरिएको पिसिआर परिक्षणको जम्मा संख्या ११५९२८२ जना ।
- ❖ कोभिडको संक्रमण (पिसिआर परिक्षण पोजीटिभ) जम्मा संख्या १४८९६८ जना ।
- ❖ संक्रमणको जम्मा पोजीटिभ दर १२.८५ प्रतिशत।
- ❖ २४ घन्टामा गरिएको पिसिआर परिक्षणको संख्या २४८४ जना।
- ❖ २४ घन्टामा संक्रमणको पोजीटिभ दर ३.७ प्रतिशत।
- ❖ सबभन्दा बडी सक्रिय संक्रमण भएका तिन जिल्लाहरु काठमान्डौ, ललितपुर र भक्तपुर हुन् ।
- ❖ सक्रिय संक्रमण सबै जिल्लामा पाइएको छ ।
- ❖ जम्मा आइसीयु बेडको संख्या ४१५,आइसीयु मा भर्ना भएको संख्या ४४ जना ।
- ❖ जम्मा भेन्टिलेटरबेड को बेड संख्या १६०, भेन्टिलेटरबेडमा भर्ना भएको संख्या १५ जना।
- ❖ प्रदेशमा भएको पिसिआर प्रोयोगशालाको संख्या ४३; सरकारी २० वटा, गैर सरकारीमा १९ वटा ।
- ❖ पिसिआरको परिक्षण सरकारी संस्थामा ५१% प्रतिशत (प्रदेशमा भएको जम्मा परिक्षणको ), गैर सरकारी संस्थामा ४९% प्रतिशत (प्रदेशमा भएको जम्मा परिक्षणको )।
- ❖ आइसोलेसन, आइसीयु, भेन्टिलेटरको राम्रो तयारी रहेको ।
- ❖ एम्बुलेन्स सेवाको पूर्व तयारी राम्रो रहेको ।
- ❖ अन्य सुरक्षाको सामग्रीको पूर्व तयारी राम्रो रहेको ।
- ❖ समग्रमा संक्रमण घट्ने क्रममा रहेको तर कोभिड संक्रमणकोलागि हुने जोखिमका ब्यबहारहरु अझै उच्च रहेकोले उच्च साबधानी आपनाउनु पर्ने देखिन्छ।

श्रोतः *HMIS projection FY १८/१९ र सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/१०/१६

## ❖ कोभिड -१९ विरुद्धको अभियानः तेस्रो दिन

- आज ६ बजे सम्म प्राप्त बिबरण अनुसार प्रदेश अन्तर्गत ३३ वटा खोप केन्द्र बाट ७८७२ जनाले उक्त खोप लिनु भयो।
- भक्तपुर,काठमाडौं, ललितपुर, चितवन, मकवानपुर, नुवाकोट, सिन्धुली र काभ्रेपलान्चोकमा खोप पश्चात ८७ जनामा सामान्य अवान्छित घटनाको रिपोर्टिंग भएको थियो र उहाँ हरुको अवस्था सामान्य रहेको छ।
- समग्रमा आजको खोप कार्यक्रम उत्साहाजनक र सफल रुपमा सम्पन्न भएको छ।

श्रोतः प्रादेशिक स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्रमा बागमती प्रदेशका जिल्लाबाट प्राप्त जानकारी अनुसार २०७७/१०/१६

## ❖ कोभिड-१९ विरुद्ध खोपका लक्षित समुह निर्धारण र चरणः

### लक्षित समूह निर्धारण र चरण

| प्राथमिकता १ | प्राथमिकता २ | प्राथमिकता ३ |
|---|---|---|
| क<br>▪ स्वास्थ्यकर्मी-सरकारी, गैरसरकारी तथा निजि क्षेत्रमा कार्यरत<br>▪ स्वास्थ्य सँस्थामा कार्यरत सहयोगी कर्मचारी<br>▪ महिला स्वास्थ्य स्वयं सेविकाहरू<br>▪ सार्वजनिक फोहोर संकलन सरसफाई कर्मी (पालिका द्वारा नियुक्त)<br>▪ एम्बुलेन्स तथा शव वाहन चालक तथा सहचालकहरू<br>▪ कोभिड-१९ रोगबाट मृत्यु भएकाहरूको शव व्यवस्थापनमा खटिने सुरक्षाकर्मी<br>▪ त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा खटिने कर्मचारीहरू<br><br>ख<br>▪ ७५ बर्ष र माथिका जेष्ठ नागरिकहरू<br>▪ जेलमा रहेका कैदी तथा सुरक्षाकर्मीहरू<br>▪ बृद्द आश्रममा आश्रित नागरिक र हेरालु कर्मचारी | ▪ ५५ बर्ष देखि ७४ बर्ष सम्मका नागरिकहरू<br>▪ ४० देखि ५४ बर्षको उमेर समूह मध्ये तोकिएका दिर्घ रोग (C0-morbidity) भएका व्यक्तिहरू<br>▪ तोकिएका दिर्घरोग भएका अन्य व्यक्तिहरू; बैदेशिक रोजगारबाट नेपाल फर्केका र नेपालमा रहेका शरणार्थीहरू मध्ये यस्ता दिर्घरोग भएका व्यक्तिहरू<br><br><u>तोकिएका दीर्घरोगहरू</u><br>▪ COPD (Chronic Obstructive Pulmonary Disease) and Severe Asthama<br>▪ Organ Transplantation<br>▪ Cancer<br>▪ Chronic Kidney Disease<br>▪ Serious Heart Condition (Heart Failure, Coronary Artery Diseases or Cardiomyopathies)<br>▪ Diabetes Mellitus<br>▪ Sickle Cell Anemia | ▪ ४० देखि ५४ बर्षा उमेर समूह<br>▪ १५ वर्ष ३९ बर्ष सम्मको उमेर समूह (उपलब्ध खोपको विशेषता अनुसार उमेर समूह परिवर्तन हुन सक्नेछ) |

श्रोतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्र २०७७/१०/१६


## समग्र नेपाल र बागमती प्रदेशको संक्रमणको अवस्था बारे थप जानकारी :


- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पचपन्न प्रतिशत (५४.७२%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | २७०७४५ (१००%) | १४८९६८ (१००%) |
| निको भएको | २६५६९८ (९८.१४%) | १४५८१४ (९७.८८%) |
| उपचाररत | ३०२२ (१.१४%) | २१६२ (१.४५%) |
| मृत्यु भएको | २०२५(०.७५%) | ९९२ (०.६७%) |

श्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/१०/१६

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/१०/१६

यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

### ❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीको संख्याः

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छः

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| आइ. सी. यु मा उपचाररत बिरामीको संख्या | ३४ | १० | ४४ |
| भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या | १४ | १ | १५ |

### ❖ गत २४ घण्टामा प्राप्त जिल्लागत निधनको संख्या जसमा बिगतमा छुट भएको संख्या पनि समाबेस भएको छः

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | संख्या | विवरण |
| चितवन | ३ | ७६ वर्षिय पुरुष,७५ वर्षिया महिला, ८१ वर्षिय पुरुष |
| काठमाडौं | १ | ६६ वर्षिया महिला |
| | | जम्मा — ४ |

## ❖ निधनको विवरण निम्न बमोजिम रहेको छः

- ❖ चितवनका ७६ वर्षिय पुरुष कोभिड र निमोनिया भएको कारणले माघ १३ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा माघ १५ गते निधन भएको छ। उहाँको माघ १४ गते कोभिड-१९ पुष्टि भएको थियो।उहाँलाई मुट रोगको समस्या थियो।
- ❖ चितवनकी ७५ वर्षिया महिला कोभिड र निमोनिया भएको कारणले माघ १० गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा माघ १५ गते निधन भएको छ। उहाँको माघ ११ गते कोभिड-१९ पुष्टि भएको थियो।उहाँलाई उच्चरक्तचाप, मधुमेह, टि. वि र मानसिक रोगको समस्या थियो।
- ❖ चितवनका ८१ वर्षिय पुरुष कोभिड, मिर्गौलामा समस्या र निमोनिया भएको कारणले पौष २५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा माघ १४ गते निधन भएको छ। उहाँको पौष २७ गते कोभिड-१९ पुष्टि भएको थियो।उहाँलाई कुनै पनि रोगको समस्या थिएन।
- ❖ काठमाडौंकी ६६ वर्षिया महिला कोभिड र निमोनिया भएको कारणले माघ १४ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा माघ १५ गते निधन भएको छ। उहाँको कार्तिक ८ गते कोभिड-१९ पुष्टि भएको

थियो। उहाँलाई उच्चरक्तचाप र मधुमेह रोगको समस्या थियो । उहाँको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

### ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

हालसम्म बागमती प्रदेशमा ७४७७ वटा क्वारेन्टाईन बेड रहेको छ । यस प्रदेशमा ४७०७ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ८९२ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १५९७ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा ११५६७९८ जनाको पिसिआर परिक्षण गरिएको छ र १४८८७६ जनामा संक्रमण देखिएको छ ।थप विवरण निम्न बमोजिम रहेको छ ।

| जिल्ला | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|
| | जम्मा संकलित स्वाब संख्या | जम्मा पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | ६४९६५४ | १०१३२१ | ६३ | |
| ललितपुर | २९०३३९ | १६०६० | १४ | |
| भक्तपुर | २५२७४ | ९१८४ | ५ | |
| रसुवा | ३५८५ | २४३ | | |
| नुवाकोट | १०७४० | १५५९ | ३ | |
| धादिङ | ६५१९ | १७६१ | १ | |
| चितवन | ७१६१४ | ७८८२ | २ | |
| सिन्धुली | ४३२१ | ५९१ | १ | |
| मकवानपुर | ३४३९८ | ४४११ | | |
| रामेछाप | ३०७३ | ५६७ | | |
| दोलखा | ३४८४ | ७८२ | २ | |
| काभ्रेपलान्चोक | ४९५६६ | ३५८७ | १ | |
| सिन्धुपाल्चोक | ६७१५ | १०२० | | |
| जम्मा | ११५९२८२ | १४८९६८ | ९२ | |

श्रोतः पोजिटिभ केस र होम आइसोलेसनको विवरण स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्र र प्रादेशिक स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्रबाट प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख (२०७७/१०/१६)

### ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा हिजोसम्म प्राप्त भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| **प्रयोगशाला** | **हालसम्म प्राप्त स्वाबको संख्या** | **आज प्राप्त स्वाब संख्या** | **आज परिक्षण भएको स्वाबको संख्या** | **आज परिक्षण भएको स्वाबको नतिजा** | | **कै** |
|---|---|---|---|---|---|---|
| | | | | **पोजिटिभ** | **नेगेटिभ** | |
| VBDRTC, हेटौडाको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३४२५९ | **परिक्षणको नतिजाआउन बाँकि** | | | | |
| काभ्रेपलान्चोक, धुलिखेलको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १७६६२ | १ | १५ | ० | १५ | |
| त्रिशुली अस्पताल प्रयोगशाला | ४२७२ | ४२ | ४२ | नुवाकोट-३ फलोअप-१ | ४ | |
| भक्तपुर अस्पताल प्रयोगशाला | १६७५ | **परिक्षणको नतिजाआउन बाँकि** | | | | |
| सिन्धुली अस्पताल प्रयोगशाला | ४३० | १७ | १७ | ० | १७ | |
| हेटौडा अस्पताल प्रयोगशाला | २४ | २४ | २४ | ० | २४ | |

## ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p३.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः https://covid१९.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid१९.ndrrma.gov.np/

-कोभिड-१९ संकट व्यबस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-१९-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता

डा. पुरुषोत्तम राज सेढाई